## बैठक संख्या: ३७

आज मिति २०७५।०६।०७ गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू का अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति–

१. नगर प्रमुख — श्री राजेन्द्र कुमार पोखरेल–
२. नगर उप प्रमुख — श्री मन्जु प्रसाई–
३. वडा अध्यक्ष — श्री रोशन राज पोखरेल–
४. वडा अध्यक्ष — श्री परशुराम गिरी –
५. वडा अध्यक्ष — श्री रुद्र प्रसाद चिमरीया–
६. वडा अध्यक्ष — श्री गोविन्द प्रसाद पौडेल–
७. वडा अध्यक्ष — श्री कृष्ण बहादुर राई–
८. वडा अध्यक्ष — श्री लक्ष्मी प्रसाद ओली –
९. वडा अध्यक्ष — श्री लीला बहादुर कन्दङ्वा–
१०. वडा अध्यक्ष — श्री प्रेम बहादुर कटुवाल–
११. वडा अध्यक्ष — श्री प्रेम प्रसाद राजवंशी–
१२. कार्यपालिका सदस्य — श्री सिता अधिकारी–
१३. कार्यपालिका सदस्य — श्री साविता बर्देवा–
१४. कार्यपालिका सदस्य — श्री चुवा लाल राजवंशी–
१५. कार्यपालिका सदस्य — श्री देवेन्द्र कुमार दर्जी–
१६. कार्यपालिका सदस्य — श्री कृष्ण माया भुजेल–
१७. कार्यपालिका सदस्य — श्री सुनिता खरेल सिग्देल–
१८. कार्यपालिका सदस्य — श्री नवलकिशोर दत्त कायस्थ–
१९. कार्यपालिका सदस्य — श्री मुना बयलकोटी
२०. कार्यवाहक वडा अध्यक्ष — श्री देव प्रसाद अधिकारी
२०. सदस्य सचिव — श्री देवेन्द्र कार्की

प्रस्तावहरु

१. मेयर आवास कार्यक्रम सम्बन्धमा।
२. नगरपालिकाको भवनको लागत अनुमान सम्बन्धमा।
३. अस्थायी अनुमति सम्बन्धमा।
४. रेडियो कार्यक्रम संचालन सम्बन्धमा।
५. विधुत विस्तार सम्बनधमा।
६. उपभोक्ता समितिलाई प्रशिक्षण कार्यक्रम सम्बन्धमा।
७. नगद मौज्दात रकम बाँडफाड सम्बन्धमा।

निर्णय न. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका मार्फत संचालनमा रहेका मेयर आवास कार्यक्रमको हाल सम्मको कार्य प्रगति सन्तोषजनक रहेको पाइयो। उक्त कार्यक्रममा हाल सम्म भएको खर्च रु. १४५०००० ।—अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय न. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामाको भवनको तला थप सम्बन्धमा प्राविधिक शाखाबाट पेश भएको डुइङ डिजायन र कूल लागत रकम स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय न. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विरिङ नदीको नदिजन्य पदार्थ संकलन तथा विक्री र नदी जन्य पदार्थ ढुवानीमा लगाएको सडक सुधार शुल्कको लागि सबै भन्दा बढी बोलमबोल गर्ने श्री प्रगतिशील निर्णय सेवा र बाह्रदशी निर्माण सेवालाई दिइएको १५ दिने अस्थायी इजाजत अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय न. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको दैनिक गतिविधि रेडियो मार्फत प्रचारप्रसार गर्ने रेडियो कार्यक्रम तर्जुमा तथा एफ.एम छनौटको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

नगर प्रमुख - अध्यक्ष
वडा अध्यक्ष (वडा नं. ८) - सदस्य
प्रमुख प्रशासकीय अधिकृत - सदस्य

निर्णय न. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विधुतीकरणको लागि आवश्यक पर्ने विधुत पोल र सडक निर्माणको लागि आवश्यक पर्ने ह्युमपाइपकव सार्वजनिक सूचना मार्फत घटा घटमा दर रेट माग गर्ने निर्णय गरियो।

निर्णय न. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा कार्यक्रम मार्फत गठन भएमा उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुलाई योजना कार्यन्वयन लगायत अन्य विषयमा प्रत्येक वडामा स्थलगत प्रशिक्षण गर्ने निर्णय गरियो।

निर्णय न. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगद मौज्दात शिर्षकमा बाँकी रहेको रकम रु विस लाखलाई देहाय बमोजिम बाँडफाँड गर्ने निर्णय गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. | लक्ष्मिमार्ग सडक स्तर उन्नति, वडा नं. ४ | रु ६५०००० ।— |
| ख. | लक्ष्मिमार्ग सडक स्तर उन्नति, वडा नं. ५ | रु ७५०००० ।— |
| ग. | दुर्गापुरबजार सडक कालोपत्रे, वडा नं. ७ | रु ४००००० ।— |
| घ. | जेष्ठ नागरिक भवन निर्माण, वडा नं. ९ | रु २००००० ।- |